# पन्ध्रौं मानव अधिकार राष्ट्रिय महाभेला-२०८० को घोषणापत्र

## Declaration of 15th Human Rights National Magna Meet-2023

## घोषणापत्र-२०८०

**प्रस्तावना**

प्रत्येक व्यक्तिको मानव अधिकारको संरक्षण तथा सुनिश्चितताका लागि विश्वव्यापी रूपमा स्थापित मानव अधिकारका सिद्धान्तहरू सहअस्तित्व, मानवीयता र आत्मसम्मान, समानता, पारस्परिकता, न्यायोचितता, अहिंसा तथा स्वशासनप्रति प्रतिबद्धता जनाउँदै,

मानव अधिकारको सर्वव्यापकता, अविभाज्यता र मानव अधिकार एकआपसमा अन्तर्सम्बन्धित र अन्तरनिर्भर छन् भन्ने विशेषताहरूलाई अङ्गीकार गर्दै,

सन् १९४८ डिसेम्बर १० का दिन संयुक्त राष्ट्रसंघको महासभाले उद्घोष गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्रका प्रावधानहरूलाई स्मरण गर्दै,

नेपाल पक्षराष्ट्र भएका सम्पूर्ण अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुन सम्बन्धी महासन्धि र आलेखहरूद्वारा सुनिश्चित हक अधिकारलाई आधार मान्दै,

नेपालको संविधान, २०७२ ले सुनिश्चित र व्यवस्थित गरेका मानव अधिकार संरक्षण र संवर्द्धन सम्बन्धी प्रावधानहरूलाई सम्मान गर्दै,

**"मर्यादा, स्वतन्त्रता र सबैका लागि न्याय"** भन्ने मुल नाराका साथ ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस र **"प्राकृतिक प्रकोप तथा विपदबाट प्रभावितहरुका मानव अधिकारको सुनिश्चिता : आजको आवस्यकता"** भन्ने नाराका साथ ग्रास रुट्स डिभलपमेन्ट फाउन्डेसनको संयोजन तथा राष्ट्रिय जनवकालत मञ्च नेपाल (नाफान) र युवाका साथ साथको सह-संयोजन, राष्ट्रिय मानव अधिकार आयोगसँगको सहकार्य तथा सयौं मानव अधिकारको क्षेत्रमा कार्य गर्ने संघ संस्थाको आयोजनामा डिसेम्वर ८ देखी १४ सम्म विभिन्न समुदाय, जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा आयोजित विभिन्न गोष्ठी, छलफल, ऱ्याली, अन्तरक्रिया, भेला आदिमा उठान भएका मुख्य- मुख्य विषयलाई संश्लेषणगरी मुख्य-मुख्य सुझाव तथा सिफारिसहरूलाई एकीकृत रूपमा संलग्न गरी निम्न अनुसार २३ बुदें घोषणापत्र जारी गर्दछौं ।

१. गत अक्टोबर ७ तारिखका दिन हमास नामक संगठनले ईजरायलमा १२०० नागरिकको हत्या तथा २०० भन्दा बढि नागरिकको कब्जा गर्ने आतंककारी हमलाको घोर भर्त्सना गर्दै यसको प्रति उत्तरमा ईजरायलको प्रतिरक्षाको नाममा अन्तराष्ट्रिय मानवीय तथा युद्ध कानुनको उल्लङ्घन गर्दै निरन्तर गोला, वारुद तथा बम हानी १८००० भन्दा बढि निर्दोस प्यालेस्टाइन नागरिक, महिला तथा बालबालिकाको हत्यामा संलग्न देखिएकाले उक्त कार्यको पनि घोर भर्त्सना गर्दै प्यालेष्टेनी जनताको सम्मानपूर्वक जीवन जिउन पाउने अधिकारलाई सुनिश्चित गर्न तथा मानवीय सहयोगको वातावरण श्रृजना गर्न अविलम्ब युद्ध

विराम गर्न गराउन सम्बन्धित सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराउन चाहन्छौं । यसका साथै हमासद्धारा कव्जा गरिएका नागरिकहरुको अविलम्ब छुटाउने पहल गर्न पनि विश्वका सरकारहरुसंग आग्रह गर्दछौं ।

२. प्राकृतिक तथा मानवीय कारणवाट हुने प्रकोपको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि यथोचित वजेटको सुनिश्चित गरी विशेष नीति, कार्यक्रम तथा योजना निर्माण गर्दै जाजरकोट र रुकुम पश्चिमका भुकम्प पिडितहरुलाई लक्षितगरी अविलम्व यथोचित राहत, पुर्नस्थापना तथा पुर्ननिर्माणको कार्यलाई अगाडी बढाउँन नेपाल सरकार संग माग गर्दछौं ।

३. अभिव्यक्ति स्वतन्त्रता, संघ संगठनको स्वतन्त्रता तथा शान्तिपुर्णरुपमा भेला हुने अधिकारको सम्मान गर्दै समाजिक संघ संस्थाहरुहरुलाई नियन्त्रण तथा अंकुस लगाउने कानून, नीति एवं निर्देशिकाको परिमार्जन गरी एकिकृत समाजिक विकास ऐन अविलम्व तर्जुमा गरी कार्यान्वियन गर्न सरकारसँग माग गर्दछौ ।

४. दलित, महिला, मधेसी, आदिवासी, जनजाती, अपाङ्गता भएका व्यक्ति, वालवालिका, जेष्ठ नागरिक, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, युवा, सिमान्तकृत तथा भौगोलिक विकट क्षेत्रमा वसोवास गर्ने व्यक्तिहरु तथा गरीवीमा जीवन जिउन वाध्य व्यक्तिहरुको राज्यको नीति तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, स्रोत, साधन, तथा समिक्षा प्रक्रियामा समानुपातिक समावेसीकरण, प्रतिनिधित्व तथा पहिचानको सुनिश्चित गर्दै उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान, संरक्षण तथा सम्बर्द्धनको लागि तीनै तहका सरकारसँग जोडदार माग गर्दछौं ।

५. कुनै पनि व्यक्तिलाई जात, जाति, धर्म, वर्ग, नस्ल, रङ्ग, वंश, समुदाय र पेसाका आधारमा गरिने जातीय छुवाछूत तथा विभेद अन्त्य गर्ने संवैधानिक व्यवस्था र प्रचलित कानूनको प्रभावकारी रूपमा कार्यान्वयन गर्न यथाशीघ्र कार्ययोजना निर्माण गरी लागु गरियोस् ।

६. सर्वोच्च अदालतको आदेश तथा अन्तराष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनको सिद्धान्त अनुसार पिडितमैत्री कानुनको निर्माण, सक्षम र स्वतन्त्र व्यक्तिहरुको आयोगहरुमा नियुक्त गरि सत्य निरुपण, परिपुरण, संस्थागत सुधार, दोसीलाई कारवाही र पीडितलाई न्याय सुनिश्चितता गरी संक्रमणकालीन न्यायको कार्यलाई अविलम्ब सम्पन्न गरियोस ।

७. मानव अधिकार सम्बन्धि अन्तराष्ट्रिय सिद्धान्त तथा घोषण-पत्र एवं नेपालको संविधानले सुनिश्चित गरेका नागरिकका मौलिक हकहरु (सम्मान, गास, बास, कपास, शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी भूमी... आदि) को कार्यान्वयनका लागि तीनै तहका सरकारबाट आवश्यक नीति, कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गरियोस् ।

८. नेपालको संविधानमा व्यवस्था भएको संवैधानिक आयोगहरुलाई श्रोत, साधन र पेरिस सिद्धान्त अनुसार अधिकार सम्पन्न बनाई स्वायत्त र प्रभावकारी भूमिका खेल्न सक्ने बनाइयोस ।

९. राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका सम्वन्धमा कार्यान्वयन गर्नका लागि नेपाल सरकारलाई सिफारिश गरिएका सिफारिसहरुको अविलम्व कार्यान्वयन गरियोस । साथै

मानव बेचविखन तथा ओसार पसार जस्ता जघन्य अपराधलाई निरुत्साहित गर्न आवश्यक कदम चालियोस् ।

१०. काठमाडौं उपत्यका तथा तराई क्षेत्रमा बढ्दो वायु प्रदुषणका कारण प्रत्येक वर्ष हजारौ मानिसले ज्यान गुमाईरहेका छन् । विश्व स्वास्थ्य संगठनले वायु प्रदुषण वातावरणीय स्वास्थ्य जोखिमको रुपमा स्वीकार गरेको छ । वायु प्रदुषणका कारण दीर्घरोगी, महिला, अपाङ्गता भएका व्यक्ति, पैदलयात्री एवं सिमान्तकृत समुदायमा प्रत्यक्ष असर पार्ने भएकोले नागरिकको स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गर्न तत्काल वायु प्रदुषण नियन्त्रण र न्यूनीकरणको लागि तीनै तहको सरकारबाट पहल गरियोस् ।

११. विकास र मानव अधिकार एक आपसका परिपूरक हुन । तर विकासको नाममा नागरिकको सामाजिक, साँस्कृतिक वातावरणीय विनाश गरी गरिने विकासले प्राकृतिक दोहन गर्ने, समुदायको हक-अधिकार हनन गर्ने क्रम बढेकोले विकासका नाममा गरिने कुनै पनि गतिविधि वातावरणीय न्याय र सामाजिक सुरक्षा सुनिश्चित हुने कुरामा सरकार तथा निजी क्षेत्रबाट प्रत्यभूती गर्न माग गर्दछौं ।

१२. वातावरणीय न्यायका लागि संघर्षरत आदिबासी-जनजाती, दलित,  स्थानीय समुदाय, अल्पसंख्यक समुदाय र मानव अधिकार रक्षकहरुमाथि हुने कुनै पनि हानी, हिंसा, धरपकड, थुनामा राख्ने, पक्रने, दुख दिने जस्ता मानव अधिकार विरोधी कार्य तत्काल बन्द गरी वातावरण तथा जलवायु न्याय ग्यारेन्टी गर्न सबै सरोकारवालाको ध्यानाकर्षण गर्दछौं । जलवायु परिवर्तनको नकारात्मक असरबाट प्रभावित गरीब तथा जोखिममा परेका समुदायहरुको अनुकूलन क्षमता अभिवृद्धि गर्न संरक्षणात्मक उपायहरुका आधारमा राज्यले ठोस नीति तर्जुमा गरी तत्काल कार्यान्वयन गरियोस् ।

१३. प्राकृतिक श्रोत (जल, जंगल, जमिन) माथि सामुदायिक अधिकार स्थापना तथा आदिबासी -जनजाती, दलित एवं सिमान्तकृत समुदायले जगेर्ना गर्दै आएको श्रोत, ज्ञान र सीपलाई समेत पहिचान र सम्मान दिने गरी नीति तथा कानुन पूनरावलोकन गर्ने तथा परम्परागत अधिकार सुनिश्चित गरियोस् ।

१४. खाद्य सम्प्रभुताको सुनिश्चितता गर्दै गरिवी र भोकमरिको अन्त्यका लागि बहु आयामिक नीतिगत तथा संस्थागत कदम चालियोस । साथै, समाजमा धनी र गरिवविचमा रहेको असमान स्रोत र साधन तथा शक्तिको वितरणलाई सामाजिक न्याय र समताको दृटिकोणबाट न्यायपुर्ण वनाईयोस् ।

१५.   किसान, सुकुम्बासी, श्रमिक, मुक्त-हलिया, हरुवा-चरुवा, मुक्त-कमैया, वादी समुदाय, भूमिहीन दलित तथा पछाडि पारिएका वर्गको अधिकार सुनिश्चितता र न्यायिक पूनस्थापना गर्न र संविधानमा भएको विशेष व्यवस्था अनुरूप सोको प्रभावकारी कार्यान्वयन गरियोस् । सुकुम्वासी समस्याको यर्थात तथ्यगत पहिचान गर्दैसुरक्षित बासस्थानको अधिकारलाई सुनिश्चितता गरियोस् ।

१६. सरकारले १६ औं पञ्चवर्षीय योजनाको प्रारुप तयार गरी छलफल अगाडी बढाएको भएपनि पछाडी पारिएका वर्ग समुदाय तथा सिमान्तकृत समुदायको सहभागिता उक्त प्रकृयामा सुनिश्चित भएको छैन । साथै लक्षित वर्ग र समुदायको लागि समर्पित वजेट र कार्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने तर्फ प्रयाप्त छलफल नभएकोले राष्ट्रिय योनजा आयोग तथा सरकारका निकायहरुको ध्यानाकर्षण गराउँदै लक्षित योजना र वजेट तयार गरी कार्यान्वयन गर्न महाभेला माग गर्दछ ।

१७. स्थानीय, प्रदेश र संघीय तहमा बन्ने नीति, कानुन, कार्यक्रम र वजेट प्रकृया अर्थपूर्ण, समावेशी, सहभागीमूलक र पारदर्शी प्रकृयाबाट जन चाहना अनुसार बनाउन तीनै तहका सरकारसंग जोडदार माग गर्दछौं । साथै, वजेट न्यायोचित किसिमले विनियोजन गर्न आह्वान गर्दछौं ।

१८. महिला माथि हुने विभेद र हिंसाको अन्त्यको लागि विद्यमान विभेदकारी नीति तथा कानुनहरु तत्काल संशोधन गरी महिला मानव अधिकारको सुरक्षा गर्न सहभागितामूलक विधि मार्फत ऐन कानुन संशोधन गरी प्रकृया अगाडी बढाइयोस् । घरेलु तथा अनौपचारिक श्रममा संलग्न एवं आप्रवासी श्रमिक महिलाहरूको हक अधिकार सुनिश्चितताको लागि महिलामैत्री आप्रवासन सम्बन्धी कानूनहरूको संशोधन र निर्माण गरी अनौपचारिक एवम् श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित र नियमित बनाईयोस् ।

१९. मनोरन्जनको क्षेत्रमा कार्यरत श्रमिक महिला तथा किशोरीहरुको आधिकारिक तथ्यांङ्क सहित उनीहरुमाथि हुने सवैखाले दुर्व्यवहार र यौनजन्य हिंसाको अन्त्य गरि व्यवस्थित र मर्यादित गर्न विशेष कानुन तथा कार्यक्रम ल्याई बालबालिका तथा किशोरीहरुमाथी हुने व्यवसायिक तथा घरेलु यौन शोषण, यौनजन्य दुर्व्यवहार, बालविवाह, बेचबिखन, बालश्रम, शारिरीक दण्ड लगायतका अन्य गम्भीर प्रकृतिका हिंसालाई निरुत्साहित गर्न राज्यले कडा भन्दा कडा कानुनको व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयन गर्दै महिला विरुद्धको हिंसामा सबै प्रकारका अभियानहरुलाई सशक्त बनाउँदै व्यवहारिक, वैज्ञानिक र व्यवस्थित “सेफ हाउस” को व्यवस्था गरि पीडितको संरक्षण तथा सुरक्षाको प्रत्याभुति गरियोस ।

२०. अल्पसंख्यक, लोपोन्मुख एवं सिमान्तकृत समुदाय (खासगरी राउटे, चेपाङ्ग, मुसहर, डोम लगायत) को सामाजिक, आर्थिक र साँस्कृतिक अधिकार संरक्षण र प्रवर्धनका लागि संविधानमा व्यवस्था गरिए बमोजिम विशेष संरक्षित क्षेत्र घोषणा गरियोस् ।

२१. युवाहरुलाई राज्यको हरेक तह र तप्कामा जनसंख्याका आधारमा अर्थपुर्ण रुपमा प्रतिनिधित्व सुनिश्चित गर्दै गुणस्तरीय, व्यवसायिक तथा प्राविधिक शिक्षा र स्वास्थ्यमा पहुँच, युवाहरु भित्रको विभेदलाई अन्त्य गर्न विशेष नीति, कार्यक्रम तथा योजना तर्जुमा गर्न नेपाल सरकारसंग माग गर्दछौं ।

२२. समावेशी शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सार्वजनिक शिक्षालाई, निशुल्क, बैज्ञानिक, व्यवसायिक, जीवनोपयोगी, जीवनपर्यन्त र गुणस्तरीय वनाउनका लागि कुल वजेटको २० प्रतिशत सार्वजानिक शिक्षामा लगानीको वातावरण श्रृजना गरियोस् । साथै अति विपन्न एवं सिमान्तकृत समुदायका विद्यार्थीलाई उच्च शिक्षा सम्म बिशेष छात्रवृतिको व्यवस्था गरियोस् ।

२३. देशभित्र ज्येष्ठ नागरिकको संख्या बढ्दो अवस्थामा छ । जनसंख्या व्यवस्थापनका दृष्टिले यो अवस्थाले देशको स्थिति नकारात्मक देखाउँछ । ज्येष्ठ नागरिकहरुले घर-परिवार, समुदाय तथा सरकारबाट स्वास्थ्य, मनोरञ्जन तथा यथोचित सम्मानर्पूक हेरचाह पाउने वातावरण श्रृजना गरियोस् । साथै, ज्येष्ठ नागरिकको लागि प्रत्येक वडा तहमा साझा गृह तथा छोरा छोरीको कमाईको १०% रकम पाउने हकको सुनिश्चित गरियोस् ।

२४. मानव अधिकाको सम्मान, संरक्षण तथा सम्वर्धनका क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकहरुको पहिचान, सुरक्षा, मर्यादा तथा व्यवस्थापनका लागि अधिकारर्मीहरुसँगको समन्वय र सहकार्य गर्दै मानव अधिकार रक्षक सम्वन्धि कानुनको अविलम्ब पारित गरी कार्यान्वयन गरियोस् ।

२५. अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गतामैत्री भौतिक संरचनाको निर्माण गर्दै उनीहरुको नागरिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सुनिश्चिततताको लागि विशेष संरचनाको निर्माण गरियोस् ।

२६. नागरिकहरुको जनजिविकालाई सहज गराउन समाजमा व्याप्त भ्रष्टाचार उन्मूलन, प्रभावकारी बजार अनुगमन र महँगी नियन्त्रण र कालो बजारी गर्ने लाई कानुनी दायरामा ल्याउन माग गर्दछौं ।

२७. नागरिकको गोपनियताको हकमाथि प्रहार भईरहेकोले एच.आई.भी. प्रभावित तथा मानव बेचविखनमा परी प्रभावित भएका व्यक्तिहरुको गोपनियताको हक सुनिश्चित गरियोस् ।

**घोषणापत्र तयारी समिति**

१. संयोजकः भोला भट्टराई

२. सदस्यः सुनिता बिसन्खे

३. सदस्यः गिता चौधरी

४. सदस्यः सरिता बराम

५. सदस्यः महेन्द्र थापा

६. सदस्यः सन्जु सिहं विश्वकर्मा

७. सदस्यः गणेश धामी